# कोभिड-१९: खाना र खेतीपातीको विवेक फर्किने लहर

सिन्द्रेला देवान[१] र कृष्णप्रसाद पौडेल[२]

## १. पृष्ठभूमि

अघिल्लो वर्षको मंसिर महिनामा चीनको बुहान प्रान्तबाट सुरु भएको कोरोना भाइरस (COVID-19) ले अहिले संसारभरि महामारीको रूप लिएको छ। महामारीले व्यापारव्यवसाय, कलकारखानालगायत कृषि क्षेत्रलाई समेत असर पारेको छ। धेरै मानिस बेरोजगार भएका छन्। रोगसँगै भोकको डरसमेत बढेको छ। यस सन्दर्भमा खानेकुराको उत्पादन र वितरणको तरिकालाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। यो कुराले खाद्य संकट महशुस भएसँगै गाउँघर, काँठ र सहरभित्र खेतीपाती गर्ने कुरा ह्वात्तै बढेको देखिएको छ। यसमा खासगरी श्रमिक महिला, आदिबासी र किसान समुदाय सक्रियतापूर्वक लागिरेहका छन्। सँगै गाउँ फर्केका सहरिया र वैदेशिक रोजगारीबाट फर्केका युवासमेत यसमा हातेमालो गरेको देखिन्छ। यस लेखमा यसरी गाउँ पुगेका र बन्दाबन्दीमा आफ्नै गाउँटोलमा रहेको जनसमुदायले गरेका खेतीपाती र खानाको बन्दोबस्त गर्ने असल अभ्यासको चर्चा गरिएको छ।

### १.१ गाउँघर फर्किनेको लर्को

कोरोना महामारीका कारण बन्दाबन्दी गर्न सुरु गरेसँगै सहर र प्रवासमा बस्ने गाउँबाट पढाइलेखाइ तथा रोजगारीको खोजीमा आएका मानिसमा एक खालको मानसिक तनाव र छट्पटी देखियो। किनकि पढाइ वा काम नहुँदा यिनले आफ्नै गाउँघर सम्झिनु र घर फर्किन चाहनु स्वाभाविक छ। तर ठूलो संख्यामा आवतजावत गर्दा भिड बढ्ने र रोग सरेमा उपचारमा समेत समस्या हुने कुरा गर्दै सरकारले भने आवतजावतमा रोक लगायो। यसबाट सुत्केरी महिलादेखि बालक र बृद्धसम्म सयौं किलोमिटर यात्रा गरी आफ्नो गाउँ पुगे। कतिले बाटैमा ज्यान गुमाए भने कतिको बाटैमा बच्चासमेत जन्मियो। यसरी मूल बाटो थुन्दा चोर बाटो छिर्ने प्रवृत्ति बढ्यो।

सुदूरपश्चिम र कर्णाली क्षेत्रका मौसमी बसाइ गर्दै भारत जाने श्रमिकको बन्दाबन्दीको कारणले रोजगारी गुमेसँगै नेपाल फर्किने लर्कोसमेत चल्यो। बन्दाबन्दीको कारण देखाउँदै सरकारले नेपाल प्रवेशमा रोक लगाएका कारण कति मानिसले महाकाली नदीमा हाम फालेर ज्यानसमेत गुमाएको दुखद समाचार सुन्नमा आयो। त्यसैगरी नेपाल भारत सीमाका सबै नाकाबाट रातबिरात नेपाल छिर्ने र आ/आफ्ना गाउँतिर जाने क्रम ह्वातै बढ्यो- जसले कोरोना संक्रमण झनै भयावह बन्यो। अहिले दिनकै हजारौको संख्यामा नेपालीहरु सीमाबाट नेपाल प्रवेश गरिरहेका छन्। हालसम्म भारतबाट मात्रै साढे सात लाखभन्दा बढी मानिस विभिन्न नाका हुँदै नेपाल प्रवेश गरेको सरकारी तथ्यांकमा उल्लेख गरिएको छ भने १० लाखभन्दा बढी मानिस नेपाल आउने गृहको आँकलन पनि छ[३]। बन्दाबन्दी खुकुलो भएसँगै वैदेशिक रोजगारमा गएका श्रमिकसमेत घर फर्केका छन्। तर फेरि जीवन गुजाराको समस्या भएको भन्दै कतिपय श्रमिक फेरि भारत फर्किन थालेका छन्।

### १.२ बन्दाबन्दीले बढेको खाद्य संकट

कोभिड-१९ को बन्दाबन्दीले अहिले सबैतिर दैनिक उपभोगका सामान खासगरी खानेकुराको आपूर्तिमा ठूलो असर परेको छ। यसो हुनुको पछाडि मुख्य तीनवटा कारण छन्। पहिलो, सहरी क्षेत्रका मानिस बाहिरबाट आयातित खानेकुरामा निर्भर छन् तर यसको वितरण प्रभावकारी हुन सकेको छैन। दोस्रो सहरी क्षेत्रका श्रमिकसँग रोजगारीको अभावमा किनेर खान पर्याप्त

[१,२] लेखकहरु फरेष्टएक्सन नेपालमा आवद्ध हुनुहुन्छ (ईमेलः sindrela@forestaction.org)।

[३] कान्तिपुर दैनिक (जेठ २७, २०७७) भारतबाट फर्किए साढे ७ लाख।

पैसा नहुनु र तेस्रो बन्दाबन्दीका कारण बाहिरबाट आउने खाद्यान्नमा कमी हुँदा पछि हुने अप्ठेरो टार्न भन्दै धेरै किनेर राख्ने सोचले बजारमा कृत्रिम अभाव बढ्नुको साथै महँगी बढ्नु ।

यी कुराले कोरोना भाइरसको महामारीले रोग फैलिने त्रास त छँदैछ- भोकमरीसमेत फैलिने त्रास बढेको छ । तर सँगै यस्तो भोकमरीको सामना गर्न तयार हुने विवेकसमेत सँगै पलाएको छ । यस्तो प्रयास गर्नेमा सहर र यसका वरिपरि बस्ने गाउँबाट आएका विपन्न गरिब परिवारका महिला, दलित, आदिबासि र जनजाति सक्रिय देखिएका छन् ।

कोरोना रोगको अनिश्चितताले यस रोगबाट भन्दा पनि सर्वसाधारणमा खाद्य संकटको चिन्ता र डर उत्पन्न भएको छ । कर्णालीमा धेरै जनसंख्याको कृषि वर्षभरि खान नपुग्ने छ । यसबाट कम जमिन भएको कृषक, दलित समुदाय जो खेतीपातीभन्दा ज्यालादारी र विकास निर्माणको काममा मजदुरी गरेर जीविका चलाउने वर्गलाई प्रभाव पार्ने देखिन्छ ।

## १.३ खाना र खेतीपाती: अप्ठेरो फुकाउने प्रयास

कोभिड-१९को बन्दाबन्दीसगै यसले निम्त्याउन सक्ने तत्कालीन तथा दीर्घकालीन खाद्य संकटको बहस देशभित्र र बाहिर सँगसँगै उठेको छ । यो स्वाभाविक बहसले सबै सरोकारवालालाई आ-आफ्नो ठाउँबाट जागरुक हुन र सक्दो पहल गर्नसमेत दबाव बढ्ेको छ । परिणामतः सरकारी, गैर सरकारी, सामुदायिक र व्यक्तिगत तहमा यसले पार्ने प्रभाव, असर, चुनौती अनि अवसरको बहसमात्र भएन- यसलाई सम्बोधन गर्ने प्रयाससमेत भए । यस भागमा यी प्रयासको छोटो चर्चा गरिएको छ ।

## १.४ सरकारी तथा संस्थागत प्रयास

सरकारले यस्तो विषम परिस्थितिमा हुन सक्ने सम्भावित खाद्य संकटको सामना गर्ने कार्यलाई गम्भीरतापूर्वक प्राथमिकतामा राख्ने, यसतर्फ आवश्यक ध्यान दिने र सबै तहका सरकार र सम्बन्धित निकायलाई परिचालन गर्ने कुरा गऱ्यो । सहरी क्षेत्रमा खाद्य वितरण प्रभावकारी बनाउने भन्दै केही सहकारी पसल सञ्चालन, खाद्य संस्थानले चामल, चुल्हो वितरण, सरकारी कर्मचारीले पसल, हाट बजारको अनुगमन, खाद्यान्न र उत्पादन सामग्री ढुवानी गर्न पास उपलब्ध गराउनेसम्मका काम भए । कृषि मन्त्रालयले सरोकार समूहसँग नियमित सम्पर्क र संवाद गर्ने तथा परिस्थिति सहज बनाउन सहजीकरण गरेको अनि स्थितिको आँकलन एवं सम्भावित संकटको तयारी गरिरहेको जानकारी सञ्चारमाध्यममा आइरह्यो । सँगै, भाइरसबाट जोगिएर खाद्यान्न आपूर्ति र खेतीपातीको काममा लाग्न आवश्यक तरिकाको विवरणसहित विभिन्न माध्यमबाट सुझाउने काम गरेको देखियो । तर सदाझैं यसका लागि ठोस नीतिगत पहल गर्न भने सकेन । यस्तो संकट व्यवस्थापन गर्नका लागि सबै तहमा विचार विमर्श र तयारी गर्नुको साटो बेला/बेला यसको ध्यान अन्यत्रै गएर यो सवालको सम्बोधन अलमलमा पऱ्यो । यसै प्रसंगमा किसानका खेतबारी र गोठमै रहेका कृषि उपज बजारसम्म ल्याउन सहयोग गर्ने प्रस्ताव बनेको चर्चा भए पनि यसको कार्यान्वयन भएको देखिएन । यसैबीच सरकारको नीति, कार्यक्रम र बजेट प्रस्तुत भयो । यसमा पनि संघीय सरकारले ल्याएका प्रस्ताव यसको सम्बोधन गर्न धेरै सकारात्मक देखिएनन् । यस अर्थमा यस्तो बेलासमेत प्रभावकारी हुन नसकेर कृषि मन्त्रालयले आफ्नो खस्किएको हैसियतको थप पुष्टि गऱ्यो ।

स्थान र परिवेशविशेषका केही भिन्न प्रयास देखिए पनि प्रदेश सरकारका समेत कुनै उल्लेख्य कार्य भएनन् । प्रदेश २ ले खाद्यान्न बजार र कृषि सामग्री वितरणका लागि सहकारी पचािलन कार्यविधि बनायो र केही बजेट समेत छुट्याायो । प्रदेश ५ ले सरकारी साधनलाई खाद्य, कृषि उपज र सामग्री ढुवानी गर्न कृषि एम्बुलेन्स सञ्चालनमा ल्यायो । यसबाहेक संघीय सरकारले जस्तै कुराकै वरिपरिमात्र यी सरकार पनि अल्मलिए ।

स्थानीय सरकारका केही सफल प्रयत्न चर्चामा रहे। यिनले खासगरी, तत्कालका लागि खाद्यान्नको जोहो गर्ने, कृषि सामग्री उपलब्ध गराउने र खेतबारी अनि गोठखोरमै रहेका कृषि उपज बजार लैजान सहजीकरण गर्ने र किसान समुदायलाई खेतीपातीका काममा लाग्न प्रेरित गर्ने र जनप्रतिनिधिहरु, स्थानीय अगुवा आफैं यसमा स्वयंसेवी भएर खट्ने गरेका उदाहरण छन्। तर समग्रमा सरकारको हैसियतले यसको सामना गर्न आवश्यक समन्वय र सहकार्य भने धेरै प्रभावकारी भएको देखिएन।

केही स्थानीय निकायले सुरु/सुरुमा राहतस्वरूप खाद्यान्न खासगरी चामल बाँडेका थिए। केही समयमै यस्तो काम रोकियो। यस्तो अवस्थामा राहत वितरणभन्दा पनि खाद्यान्न संकट हुने महिनामा राहतका कार्यक्रम गर्नुपर्ने आवाज उठेसँगै चामल बाँडेर समाधान नहुने महशुस भएपछि राहतको काम रोकिएको हो। अन्य केही गाउँपालिकाले खाद्यान्न भण्डारण गर्ने खाद्य बैंक अवधारणालाई अगाडि ल्याए। कति गाउँपालिकाले स्थानीय उत्पादन किनेर जनतालाई वितरण गरेको पाइएको छ। अन्य कतिपयले राहतको सट्टा भौतिक दूरी कायम गरेर विकास निर्माणका काममा लगाएर श्रम लिई ज्याला र खाद्यान्न उपलब्ध गराए। यसले श्रमिकलाई रोजगारीको जोखिमका साथै तत्कालको गर्जो टार्नसमेत सहयोग पुग्यो।

यससँगै गाउँपालिकाले खाद्य संकट न्यूनीकरणको लागि किसानलाई कृषि उत्पादनमा उत्प्रेरणा ल्याउने उद्देश्यले पुरस्कार दिने, सम्मान गर्ने र कृषिलाई चासो दिनुपर्ने कुरामा बहस र संवाद गर्ने गरेका छन्[४]। त्यस्तै विगतदेखि नै बाँझो रहेको खेतीयोग्य जमिनमा खेती गरेमा प्रोत्साहनस्वरूप अनुदान दिने, खेती गर्न चाहने घरपरिवारलाई जमिन उपलब्ध गराउन पहल गर्नेजस्ता कामसमेत भएका छन्[५]।

## १.५ सामुदायिक र किसानका प्रयास

खाद्य संकट महशुस भएसँगै गाउँघर, काँठ र सहरभित्र खेतीपाती गर्ने कुरा ह्वात्तै बढेको देखिएको छ। यसमा खासगरी श्रमिक महिला, आदिवासी र किसान समुदाय सक्रियतापूर्वक लागिरेहका छन्। सँगै गाउँ फर्केका सहरिया र वैदेशिक रोजगारीबाट फर्केका युवासमेत यसमा हातेमालो गरेको देखिन्छ। यसरी गाउँ पुगेका र बन्दाबन्दीमा आफ्नै गाउँटोलका जनसमुदायले गरेका खेतीपाती र खानाको बन्दोबस्त गर्ने असल अभ्यास प्रशस्तै भएका छन्।

स्थानीयवासीले समुदायस्तरमा बिउ, वस्तुभाउ र कृषि सामग्री सरसापट गर्ने पुरानो चलनलाई फेरि ब्युँताएका उदाहरण छन्। ऐंचोपैचो, सरसापटी र दुखसुखमा साथ दिने भावनात्मक सम्बन्ध पुनःस्थापना भएका छन्।

उच्च शिक्षा र रोजगारीको सिलसिलामा सहर छिरेका व्यक्ति गाउँघर फर्किने लर्कोसँगै उनीहरुलाई अबको बाटो खेतीपाती हो भन्ने महशुस भएको देखिन्छ। बन्दाबन्दीका कारण सहर क्षेत्रमा सेवा क्षेत्र र अन्य उद्यम क्षेत्रका सबै काम ठप्प भएका छन् तर सहरवरपरका समुदाय खाली समयको उपयोग गर्दै कौशी खेती र करेसाबारीमा व्यस्त भएका छन्। सडकछेउका खाली भाग, मैदान तथा बाँझो जमिन, प्लटिङ लगायतका खाली जमिन सदुपयोग गर्दै आफूलाई आवश्यक तरकारी र अन्नपात लगाएका छन्। प्लटिङ गरिएका घडेरीमा खेती गर्न डोजर समेत चलाइएका थिए[६]।

बाह्य स्रोतबिना नै सुरु गरिएका यस्ता अभ्यासले प्राङ्गारिकतर्फको यात्रालाई थप बल पुर्‍याएको छ। किसानले फलाएको तरकारीको उचित मूल्य नपाउने र उपभोक्ताले चर्को मूल्य तिरेर उपभोग गर्नुपर्ने कारण आफ्नो उत्पादन घर/घरमा लगेर आफैं बेच्ने परिपाटी विकास भएको छ भने स्थानीयस्तरको उत्पादनलाई

[४] संसार न्युज (वैशाख २९, २०७७) ४० मुरी धान फलाउनेलाई १ लाखको पुरस्कार दिने गाउँपालिकाको घोषणा

[५] संसार न्युज (जेठ ५, २०७७) फेदीखोला गाउँपालिकाको उदाहरणीय कार्य, बाँझो बारीमा खेती गर्नेलाई प्रोत्साहन अनुदान दिइने

[६] एभिन्युज  खबर (वैशाख १६, २०७७) कोरोनाका कारण भोकमरी लाग्न सक्ने संकेत पाएपछि प्लटिङ गरिएका घडेरीमा अन्न फलाउने तयारी

उपभोक्ताले रुचाइदिएका छन् । बन्दाबन्दीका कारण गाउँ/गाउँमा पुगेर स्थानीय उत्पादित तरकारी विक्रीवितरण गर्नेको संख्यामा पनि बृद्धि भएको छ । तराईमा समेत यो प्रवृत्ति बढेको छ । मध्य तराईका महोत्तरी, धनुषा, सर्लाही र सिरहाका ग्रामीण किसान साइकलमा तरकारी बेच्न आउनेको संख्या बढेको छ[७] । त्यस्तै घुम्ती तरकारी बजारसमेत सञ्चालनमा आएका छन् भने स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै र भारतबाट आउने तरकारी लामो समयसम्म बाटोमै हुने भएकोले कुहिने सम्भावना बढी भएको र घट्दो माग र नेपाली उपभोक्ताले स्थानीय उत्पादन खोज्ने गरेका छन् । यसबाट उत्साहित भएर कतिपय हाटबजारमा भारतीय तरकारी आयातमा रोकसमेत लगाइएका छन् ।

केही जागरुक उद्यमीले भने किसानले उत्पादन गरेको तरकारी संकलन, प्रशोधन, लेबलिङ र सेनिटाइज गरी अनलाइन अर्डर गरी विक्रीवितरण थालेका छन्[८] । यस्ता उद्यम प्रबर्द्धन गर्न स्थानीय सरकार र निजी क्षेत्रका उद्यमीले समेत चासो देखाएका छन् ।

परम्परागत खाना जस्तै सिस्नो र जंगली निगुरोको माग बढेको थियो । परम्परादेखि औषधिको रूपमा उपयोग भइरहेको सिस्नो अहिले सहर बजारमा समेत खोजी/खोजी खाने गरेको पाइएको छ । कतिपय मानिस कोरोना समेत निको हुने भन्दै सिस्नो खोज्न वनपाखा र खेतबारीमा समेत जाने गरेका थिए । त्यसोत सिस्नो अनिकालको बेला खोले बनाएर खाने पुरानै चलन हो । त्यसैगरी जंगली सागपात, निगुरो, कोइरालोजस्ता तरकारी स्वास्थ्यबर्धक हुन्छ भनेर खाने चलन थियो । अहिले यिनलाई आफ्नो बारी, करेसाबारी तथा पाखामा लगाउने चलनसमेत बढेको छ ।

खाद्यान्न कालो बजारी नहोस् भनेर स्थानीय निकायको सहकार्यमा समुदाय स्तरमै अनुगमनको काम गरेका उदाहरण प्रशस्तै छन् । अहिले सहरी क्षेत्रमा अनलाइन मार्फत खानेकुरा घर/घर पुऱ्याउने उद्यम बढेको छ । साथै, घर तथा छत अनि कौशीमा तरकारी खेती गर्ने चलन ह्वात्तै बढेको छ ।

## १.६ नागरिक समाजका प्रयास

बन्दाबन्दीको समयमा खाद्य र खेतीपातीमा सरोकार राख्ने विभिन्न संघसंस्था, अभियान तथा व्यक्तिले नागरिक प्रस्ताव प्रस्तुत गरेका थिए । उनीहरुले तत्काल र दीर्घकालीन खाना र खेतीपातीका विषय सम्बोधन गर्न महत्वपूर्ण सुझाव दिएका थिए । यस अभियानले कोभिडले खाना र खेतीपातीमा पारेको तथा भविष्यमा पार्न सक्ने प्रभाव तथा त्यसको सम्बोधनका लागि आवश्यक कदमको सुझाबसहित अपिल सार्वजनिक गरेको थियो । उक्त अपिल कृषि मन्त्रीमार्फत प्रधानमन्त्रीसमक्ष, कृषिमन्त्रीसमक्ष, सभामुखसमक्ष र प्राकृतिक स्रोत समितिका सभापतिलाई बुझाइएको थियो । यससगै विभिन्न सञ्चारमाध्यम र सरोकार समूहबीच अन्तर्वार्ता, अन्तर्क्रिया र संवादसमेत भएका थिए ।

## २. कोभिड-१९ पछि खाना र खेतीपाती सपार्न केही सुझाव

अहिले खानाका लागि खेतीपातीमा प्रतिकूल परि स्थितिको सामना गर्न परिरहेको छ । अहिलेकै तरिकाले लाखौं विपन्न जाति, वर्ग, लिङ्ग र समुदायको खासगरी उनीहरुको रोग तथा भोकको सामना गर्न सकिँदैन कि भन्ने आशङ्का बढेको छ । यस्तो अवस्थामा किसान र खानेकुराका लागि खेतीपाती सपार्ने मर्म आत्मसात् गरेरमात्र यसका आधारभूत आयाममा फेरबदल गर्न र भविष्यका लागि खाद्य उत्पादन तथा वितरणलाई प्रभावकारी बनाएर खाद्य सुरक्षा बढाउन उपयुक्त बाटो समाउन सकिन्छ भन्ने सबैतिर चासो र चर्चाको विषय बनेको छ । यस अवधिमा भए/गरिएका छलफल र संवादका आधारमा यस्ता चासोलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न तत्कालीन र दीर्घकालीन नीतिगत सुधारका प्रस्ताव अघि सारिएका छन् ।

[७] एभिन्युज खबर, (जेठ १३, २०७७)संकटले ल्याएको परिवर्तन
[८] एपि १ (बैशाख १८, २०७७) अनलाइन तरकारी पसल, किसानको बारी देखि उपभोक्ताको भान्सासम्म

## २.१ तत्कालीन प्रस्ताव

भोकमरीमा परेका जनसमुदाय र श्रमिक किसानलाई तत्कालका लागि पर्याप्त खानेकुराको बन्दोबस्त मिलाउन स्थानीय तहमार्फत वास्तविक किसान परिवार पहिचान गरी यस्तो खाद्यसामग्री उपलब्ध गराउने कुरा निश्चित गरिनुपर्छ। श्रमिक किसान जसले जमिन पाएमा आफै् खेतीपाती गर्न आँट गर्छन् उनीहरुलाई खेतीपातीका लागि आवश्यक सेवा र सामग्रीहरु यथाशीघ्र उपलब्ध गराउन यो कामको जिम्मेवारी स्थानीय तहले लिने व्यवस्था मिलाउनुपर्छ। नगर तथा नगरोन्मुख बस्तीमा कौशी या करेसाबारीका लागि चाहिने उत्पादनसँग सम्बन्धित सामग्रीहरु सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन नगर र वडा तह अनि कृषि तथा पशु सेवा विकास केन्द्रबीच सहकार्य गर्ने वातावरण तयार गरिनुपर्छ।

यी सबै कामका लागि संघीय सरकार र प्रदेश सरकारले एकमुष्ट अनुदान उपलब्ध गराउने, नगरले स्रोत र साधन उपलब्ध गराउने र सेवाकेन्द्रको सट्टा गाउँ तथा नगरका कृषि शाखाले सहजीकरण गर्ने समन्वयनमत्मक ढाँचा बनाउनुपर्छ। सँगै, वडा तहमा उपयुक्त सरोकारवाला सम्मिलित संयन्त्र बनाउनुपर्छ।

सबै स्थानीय तह र प्रदेश सरकारले आफ्नो खानेकुरा र खेतीपातीको अवस्था चित्रण हुने अभिलेख जारी गर्ने रणनीतिले मात्र कोभिड-१९ले निम्त्याएको अवस्थाको यथार्थपरक विवरण उपलब्ध हुन्छ तसर्थ यस्तो विवरणको अभिलेख राख्ने बन्दोबस्त गरिनु उपयुक्त हुन्छ। भविष्यका लागि खानेकुराको उत्पादन घट्न नदिन र किसानको लागतसमेत बढ्न नदिन परिवारका तहमा वस्तुभाउ उत्पादनका लागि पशुपालन र प्राकृतिक स्रोतमा आधारित जैविक कृषि पद्धतिलाई प्रबर्द्धन गर्ने रणनीति लिनुपर्छ।

खेतीयोग्य तर प्रयोगमा नआएका निजी तथा सार्वजनिक जमिनलाई उत्पादन गर्न प्रोत्साहन गर्ने नीति अविलम्ब लिन आवश्यक छ। खासगरी, विदेशबाट फर्केका र सहरबाट गाउँ पुगेका युवा र वर्षौंदेखि यसबाट वञ्चित समुदायलाई यस्तो जमिन उपलब्ध गराउने रणनीतले मात्र यसको सफल कार्यान्वयन हुन्छ। साथै बाँझो जमिनको उपयोगको सान्दर्भिकता ख्याल गर्दै खेतीयोग्य बाँझो जमिनको उपयोग बढाउन प्रोत्साहन प्याकेज दिने बन्दोबस्त मिलाउन रणनीति बनाईनुपर्छ।

सहरी क्षेत्रमा रहेका खालि जमिन, कौसी र करेसाबारीमा तरकारी खेती गर्न तथा नगरोन्मुख वा काँठ क्षेत्रमा खाद्य उत्पादनमा प्रोत्साहन गर्न पालिकाहरुमार्फत बिउ र अन्य दिगो खेतीपातीका उपयुक्त र सरल प्रविधि, सामग्री, रैथाने बिउ र जैविक मल उपलब्ध गराउनुपर्छ। यस्ता बिउ तथा कृषि उत्पादन सामग्री सहज रूपमा उपलब्ध गराउन यसका साना विक्रेतालाई प्रोत्साहन प्याकेजको बन्दोवस्त गर्न संघीय र प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक साझेदारी रकम उपलब्ध गराउनुका साथै नीति नीति निर्देशन गर्नुपर्दछ। साना व्यावसायिक किसानलाई वित्तीय संस्थामार्फत खाद्यान्न उत्पादन र वितरणमा निर्ब्याजी वा सहुलियत पूर्ण ऋण अनुदान उपलब्ध गराउनुपर्छ। तर यस्तो निर्ब्याजी वा सहुलियतपूर्ण ऋणको वितरण भने दोहोरिनुहुँदैन बरु यस्ता संस्थामार्फत खाद्यान्न उत्पादनमा दिइएको यो अनुदान सरल, छिटो र स्थानीय तहको रोबहरमा दिने व्यवस्था गर्ने र आवश्यकता हेरी स्थानीय सरकारमै वीमा सेवाको व्यवस्था गर्ने प्रबन्ध मिलाउनुपर्छ।

खाद्यान्न तरकारी पशुपन्छीजन्य उत्पादनका लागि तत्कालै बिउ र ब्याडको बन्दोबस्त गरी किसानलाई निसंकोच खेतीपातमा फर्किने वातावरण बनाउनुपर्छ। खासगरी, भरखरै र निकट भविष्यमा विदेश जानबाट रोकिएका र विदेशबाट फर्केका युवा जनशक्तिलाई ससम्मान कृषि पेशामा आकर्षण गर्ने वातावरण सिर्जना गर्न स्थानीय तह र प्रदेश सरकारको आपसी सहकार्यमा तत्कालीन सहयोगको प्रस्तावसहितको उत्साहन योजना बनाउनुपर्छ। यसतर्फ अग्रसर भएका स्थानीय तह, प्रदेशका अनुभव, सिकाइमा पर्याप्त छलफल र अन्तर्क्रिया गरी स्थानविशेषका योजना बनाउन पहल

गर्नु वाञ्छनीय हुन्छ । यसका साथै स्थानीय बिउको स्थानीय तहमा नै प्रबर्धन गरेर किसानको बिउ तथा कृषि कर्ममा उनीहरुको अधिकार सुरक्षित गर्न पहल गर्नुपर्दछ ।

किसानीमा आधारित उत्पादन प्रक्रियालाई सघन र एकीकृत गर्दै कृषि उपज मूल्य श्रृंखला प्रभावकारी बनाउन समूह तथा सहकारीमा आधारित कृषि उपज प्रशोधन, भण्डारण, बजारीकरण र वितरण प्रक्रियालाई सहज बनाउन साना किसानमा आधारित कृषि सहकारीलाई प्रबर्द्धन गर्ने रणनीति अपनाउनुपर्छ। मुख्यतः तत्कालका कृषि उपज र खानेकुरा भण्डारण, प्रशोधन र बजारीकरणका लागि भाडा तथा अन्य व्यवस्थापन अनुदान दिने नीति लिँदै दीर्घकालीन रूपमा यिनलाई प्रोत्साहन गर्ने नीति लिइनुपर्छ । स्थानीय तहमा जाने कृषि बजेटको अनुदान वितरण खाद्य उत्पादनको आधारमा गर्नुपर्छ। स्थानीय तहलाई उत्पादनका आधारमा वर्गीकरण गरी उपलब्ध गराउने तथा सोहीअनुरूप गर्न संघीय र प्रदेश सरकारले समेत उचित ध्यान दिनुपर्छ।

## २.२ दीर्घकालीन नीतिगत सुधार

कोभिड-१९ले तत्काल खानेकुरा र खेतीपातीमा ल्याउनुपर्ने सुधारको पहल गरेरमात्र यो समस्या समाधान नहुने कुरा स्पष्ट भएको छ। त्यसका लागि हाम्रो खेतीपाती उन्नत बनाउन दीर्घकालीन प्रभावमा उत्तिकै ध्यान दिनु जरुरी भएको छ।

हाल मन्त्रालयले प्राङ्गारिक कृषि प्रबर्द्धन गर्न सहसचिवको संयोजनमा बनाएको प्राङ्गारिक कृषि प्रबर्द्धन एकाइ सचिवालय रहनेगरी आत्मनिर्भर र दिगो खेतीपातीका लागि एउटा छुट्टै निकाय (प्राङ्गारिक परिषद्) को निर्माण गर्ने कुराले दिगो खेतीपातीको मापदण्डका आधारमा भविष्यको खाना र खेतीपातीबारे समेत सचेततापूर्वक र योजनाबद्ध भएर अघि बढ्ने संकल्प बढाउँछ। यस्तो दीर्घकालीन सोच बनाउँदा बृहत् दायराको कृषि सपार्ने दृष्टिकोण बनाउन आवश्यक छ।

यस्तो योजना बनाउन यस वर्षको सुरुदेखि नै कृषि मन्त्रालय र मातहतका कृषि प्रबर्द्धन सम्बन्धित प्रसार, अनुसन्धान र शैक्षिक संरचना, कृषि सामग्री संस्था र दीर्घकालीन कृषि प्रबर्द्धन रणनीति पुनरावलोकन गरिनुपर्ने हुन्छ। अत्यन्तै कमजोर अभ्यासमा रहेको अनुसन्धान र प्रसारलाई प्रभावकारी र परिणाममुखी बनाउन किसान समुदायको सक्रिय सहभागितामा आधारित सामुदायिक कृषि अनुसन्धान तथा प्रसारमा जोड दिनुपर्छ। यीसँगै आयात प्रतिस्थापन, व्यापार प्रबर्द्धन र बाह्य स्रोत व्यवस्थापन र अन्य मन्त्रालय, वित्तीय र सहयोगी संस्थासँगको सहकार्य र समन्यको ढाँचा बनाउने र यसको निरन्तर परिमार्जन गर्दै जाने सोच बनाउने नीतिगत पहलसमेत गरिनुपर्दछ।

## ३. निष्कर्ष

कुनै पनि विपत्तिमा सबैभन्दा महत्वपूर्ण सुरक्षाकवच भनेको खानेकुरा नै हो। यो व्यवस्था गर्न चुक्नु भनेको हाम्रो आफ्नै बिचल्ली बढाउँदै जानु हो। तसर्थ खानेकुराको जोहो गर्न यसको पूर्व तयारी तत्कालै सुरु गर्न आवश्यक छ। यो कार्यमा सबैले उत्तिकै सघाउनु हामी सबैको कर्तव्य हो। यस विषयमा सबै सरोकार समूहसँग सार्थक संवाद र बहस गरी उपयुक्त बाटो पहिचान गर्न तत्कालै लाग्नुपर्छ। माथि उल्लेखित सुझावलाई आत्मसात् गरी खाना र खेतीपातीका सबै सरोकारवालाको खासगरी साना तथा श्रमिक किसानको आँट र उत्साह जगाउन सकेमात्र खाना र खेतीपातीको सुरक्षित भविष्यको यात्रा तय गर्न सम्भव हुन्छ।

विगतमा खेतीपाती सपार्न गर्नुपर्ने काम बिर्सिएकाले खाद्य आयातबाट देश थलिएको हो भन्ने कुरा मनन गर्नुपर्ने बेला भएको छ। देशले हाल भोगिरहेको सबै भन्दा ठूलो समस्या र सम्भावित भोकमरीपछि बेहोर्ने समस्या भनेकै खाद्यान्न आयात र यसले अर्थतन्त्रमा ल्याउने असन्तुलन हो। हामी अहिले किसानी छाडेर गएका व्यक्तिको विप्रेषणले खाद्यान्न किनिरहेका छौं। अब त्यो अवस्थामा समेत फेरबदल हुने देखिन्छ। यस

अर्थमा यो बन्दाबन्दी र महामारी सकिँदा नसकिँदै सुरु गर्नुपर्ने खेतीपातीका काममा पर्याप्त ध्यान दिन ढिला हुँदैछ ।

कोभिड-१९ ले जनस्वास्थ्य, खेतीपाती, रोजगारी, आम्दानी र अन्य जीवनयापनका क्षेत्रमा प्रभाव, असर, चुनौतीमात्र थपेको छैन- यसले नयाँ अवसर र सम्भावनासमेत देखाएको छ। खासगरी खाना र खेतीपातीको सन्दर्भमा यसले हाम्रो विवेकलाई फेदैदेखि झक्झकाइदिएको छ। खेतीपातीप्रतिको विद्यमान सोच र तरिकामा प्रश्न उठाउन नयाँ बहसले ढोका खोलेको छ। समग्रतामा यसले खाना र खेतीपातीको नयाँ बहस सृजना गरेको छ।

धन्यवादः यो लेख तयार पार्न गरिएको खोजी कार्यमा सहयोग गर्ने शारदा थापा, जीवन शाही र सुजाता तामाङलगायत यस विषयमा गरिएका छलफल तथा अन्तर्क्रियामा सहभागी अन्य सबैलाई धन्यवाद दिन चाहन्छौं ।